# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९ ) काठमाडौं, भदौ १४ गते २०५६ साल ( अतिरिक्ताङ्क २१ (क+१)


## भाग ३

श्री ५ को सरकार

### जनसंख्या तथा वातावरण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने प्रयोजनका लागि देहायका औजार वा संयन्त्रको प्रयोगमा देहाय बमोजि बन्देज लगाएको छः

(क) टु स्ट्रक (Two Stroke) इन्जिन भएका सवारी साधनहरूको दर्तामा प्रतिबन्ध लगाइको छ ।

काठमाडौं उपत्यकामा हाल चलिरहेका त्यस्ता संयन्त्रलाई क्रमशः विस्थापित गर्ने जनसंख्या तथा वातावरण मन्त्रालयले निर्माण तथा यातायात मन्त्रालयसँग समन्वय राखी आवश्यक प्रकृया अघि बढाउने छ ।

(ख) कृषि ट्याक्टर पावर लिटर, ट्रक, रोडा, बालुवा ओसार्ने लरी, फोहर मैला ओसार्ने डम्पर लगायतका विभिन्न सवारी साधनले काठमाडौं उपत्यकाभित्रका सवारी साधनको आवागमनमा बाधा पुऱ्याई प्रदूषण समेत बढाएकोले सम्बत् २०५६ साल आश्विन १ गतेदेखि लागू हुने गरी प्रत्येक दिन बिहान ८.०० बजेदेखि बेलुकी ७.०० बजेसम्म काठमाडौं चक्रपथभित्र यस्ता सवारी साधन संचालन गर्न नपाउने गरी पूर्णरुपले प्रतिबन्ध लगाइएको छ ।

(ग) काठमाडौं उपत्यकामा डिजेलबाट संचालित टेम्पोको नयाँ दर्ता तथा नामसारी तत्कालदेखि लागू हुने गरी बन्द गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८५८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CSC

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

635

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

500